सुनवर्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाईनिया, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं. २०८२/८३
च.नं.

मिति-२०८३।०२।०७

## सुनवर्षी नगरपालिका अन्तर्गत रहेका संस्थागत विद्यालयहरुको व्यवसाय दर्ता र नविकरण सम्बन्धी तेस्रो पटक प्रकाशित जरुरी सूचना ।

प्रस्तुत विषयमा यस सुनवर्षी नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सम्पूर्ण संस्थागत विद्यालयहरुले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुनवर्षी नगरपालिकाको आर्थिक ऐन तथा प्रचलित कानुन बमोजिम व्यवसाय दर्ता र नविकरण गरि व्यवसाय कर अनिवार्य रूपमा बुझाउनु पर्ने कानूनी प्रावधान रहेको व्यहोरा अवगत नै छ ।

तसर्थ, तपाईंको विद्यालयले हालसम्म नगरपालिकामा व्यवसाय दर्ता र नविकरण नगरेको भए देहाय बमोजिमका कागजातहरु सहित यस कार्यालयमा उपस्थित भई आजको मितिले ५(पाँच) दिन भित्र अनिवार्य व्यवसाय दर्ता र नविकरण गर्नुहुन तेस्रो पटक यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिलः</u>

१. विद्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपि(अनुमती पत्र) ।
२. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि ।
३. पछिल्लो करचुक्ता प्रमाणपत्र ।
४. पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन ।
५. जग्गा धनी दर्ता प्रमाण पत्र, भवन नक्सा पास प्रमाणपत्र, सम्पत्ती कर तिरेको रसिद ।
६. घरबहाल सम्झौता पत्र (भाडामा सञ्चालन भएमा) ।
७. विद्यालयको साइनबोर्ड स्पस्ट देखिने गरि खिचिएको विद्यालयको रङ्गिन तस्विर ।

उल्लेखित कागजातहरु संलग्न गरि व्यवसाय नियमित हुन कानूनी प्रावधान अनुरुप नगरपालिकामा अनिवार्य रुपमा व्यवसाय दर्ता गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमनको क्रममा हालसम्म दर्ता/नविकरण नगरी विद्यालय संचालन गरेको पाइएकोले यो सूचनालाई समेत बेवास्ता गरी नियमित(दर्ता/नविकरण) हुन नआएमा भविष्यमा संस्थालाई पर्ने प्रतिकुल प्रभावको जिम्मेवारी विद्यालय स्वयंले लिनुपर्ने वेहोरा समेत आदेशानुसार जानकारी गराइन्छ।

०८३।२।६
(किशोर कुमार मण्डल)
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner